जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।।-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१

सबै क्षेत्रको प्रबर्द्धनको गुरु

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि

विज्ञापनको लागि सम्पर्क
: ९८४४०२७९७१
Whats App No:-
९८२४८७७६२७
Gmail :-
Jaleshwortoday
@gmail.com

बर्ष १३ • अंक १३९ • २०८२ फागुन २७ गते बुधवार • 11 Mar. 2026 • पृष्ठ ४ • मुल्य रु.५/-

# समानुपातिकतर्फ हालसम्म १ करोड ५ लाख ८३ हजार ३८७ मतगणना सम्पन्न

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, २६ फागुन**

फागुन २१ गते सम्पन्न प्रतिनिधि सभा सदस्य निर्वाचनमा समानुपातिकतर्फ मङ्गलबार साँझसम्म एक करोड पाँच लाख ८३ हजार ३८७ मतगणना सम्पन्न भएको छ । निर्वाचन आयोगको मतगणना अनुसार समानुपातिक तर्फ राष्ट्रिय स्वतन्त्र पार्टी पहिलो, नेपाली कांग्रेस दोस्रो, नेकपा (एमाले) तेस्रो, नेपाली कम्युनिस्ट पार्टी चौथो, श्रम संस्कृति पार्टी पाँचौं र राष्ट्रिय प्रजातन्त्र पार्टी छैठौं हुने निश्चित भएको छ। राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ५२ मा राष्ट्रिय दलको मान्यता सम्बन्धी व्यवस्था छ । निर्वाचन आयोगका सहसचिव एवम् प्रवक्ता नारायणप्रसाद भट्टराईका अनुसार सो व्यवस्था अनुसार प्रतिनिधि सभाको निर्वाचनमा समानुपातिक निर्वाचन प्रणालीतर्फ कम्तीमा तीन प्रतिशत मत र पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ एक सिट प्राप्त गर्ने दलले मात्र राष्ट्रिय दलको मान्यता प्राप्त गर्नेछ ।

निर्वाचन अयोगको मतपरिणाम अनुसार एक करोड पाँच लाखभन्दा बढी मतगणना हुँदा समानुपातिकतर्फ राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले ५० लाखभन्दा बढी मत प्राप्त गरेको छ । नेपाली कांग्रेसले नेकपा (एमाले) ले, नेपाली कम्युनिस्ट पार्टी (नेकपा) ले, श्रम संस्कृति पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टी मत प्राप्त गरेको छ । श्रम संस्कृति पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) गरी ६ वटा दल राष्ट्रिय दल बनेका छन् । नेपाली कांग्रेसले १७ लाखभन्दा बढी मत प्राप्त गरेको छ। नेकपा (एमाले) ले १४ लाखभन्दा बढी मत प्राप्त गरेको छ। नेकपाले साढे सात लाखभन्दा बढी मत प्राप्त गरेको छ। श्रम संस्कृतिले साढे तीन लाखभन्दा बढी मत प्राप्त गरेको छ । यसैगरी, राप्रपाले तीन लाख २७ हजार मत प्राप्त गरेको छ ।

प्रतिनिधि सभा सदस्य समानुपातिक निर्वाचन निर्देशिका, २०७९ को परिच्छेद-५ मा 'उम्मेदवारको छनौट प्रक्रिया' अन्तर्गत दफा ३३ मा 'सीटको बाँडफाँड गर्ने' व्यवस्था छ । सो निर्देशिकाको दफा ३४ मा 'मत परिणाम विभाजक सूत्र' छ । **कोशी** कोशी प्रदेशमा समानुपातिकतर्फ रास्वपाले आठ लाख ३७ हजार २४३ मत प्राप्त गरी गरेको छ। कांग्रेसले दुई लाख ७९ हजार ७३८, एमालेले दुई लाख ७७ हजार ८२२, श्रम संस्कृतिले दुई लाख ७७ हजार ६७, नेकपाले ९३ लाख ५४८ र राप्रपाले ६१ हजार ९०२ मत प्राप्त गरेको छ । **मधेस** मधेस प्रदेशमा यस पटकको प्रतिनिधि सभा सदस्य निर्वाचनमा जसपा नेपाल राष्ट्रिय दल बन्न सकेन । यद्दपि, यस प्रदेशमा जसपा नेपाल समानुपातिकतर्फ चौथो स्थानमा छ । मधेसमा रास्वपाले १२ लाख २२ हजार ५०४ मत प्राप्त गरेको छ । कांग्रेसले दुई लाख ७१ हजार १९१, एमालेले एक लाख ७८ हजार ६४२, जनता समाजवादी पार्टी नेपालले एक लाख २८ हजार ८८४ र नेपाली कम्युनिस्ट पार्टीले ९६ हजार ५७९ मत प्राप्त गरेको छ । **बागमती** बागमती प्रदेशमा राष्ट्रिय दल नबनेको राष्ट्रिय परिवर्तन पार्टी पाँचौं स्थानमा छ। यस प्रदेशमा रास्वपाले ११ लाख १९ हजार २७०, कांग्रेसले तीन लाख २१ हजार १०६, एमालेले दुई लाख ६१ हजार ८९७, नेकपाले एक लाख ८८ हजार १८२, राष्ट्रिय परिवर्तन पार्टीले एक लाख १६ हजार ५५२ र राप्रपाले ७६ हजार ५२१ मत प्राप्त गरेको छ । **गण्डकी** गण्डकी प्रदेशमा रास्वपाले चार लाख ९९ हजार ९२१ मत प्राप्त गरेको छ । कांग्रेसले एक लाख ९७ हजार ४३१, एमालेले एक लाख ४९ हजार ६९८, नेकपाले ४७ हजार ३९२, राप्रपाले २३ हजार ६९ र श्रम संस्कृति पार्टीले १८ हजार ४६१ मत प्राप्त गरेको छ । **लुम्बिनी** लुम्बिनीमा रास्वपाले ९ लाख २५ हजार ५३ मत प्राप्त गरेको छ। नेपाली कांग्रेसले तीन लाख २२ हजार १२३, एमालेले दुई लाख ९३ हजार ९६५, नेकपाले एक लाख ५० हजार ४७०, राप्रपाले ७९ लाख ७७२, जसपा नेपालले २५ हजार ४२६ र श्रम संस्कृतिले २३ हजार ३७६ मत प्राप्त गरेको छ। **कर्णाली** कर्णालीमा रास्वपाले तीन लाख १७ हजार ८३६ मत प्राप्त गरेको छ। नेपाली कांग्रेसले एक लाख ८२ हजार ८४२, एमालेले एक लाख ४७ हजार ९०९, नेकपाले ९७ लाख ८८५, राप्रपाले ३६ हजार २६३, राष्ट्रिय मुक्ति पार्टी, जनता समाजवादी पार्टी र नागरिक उन्मुक्ति पार्टी, नेपालको एकल चिन्ह चकिया (जाँतो) ले २३ हजार ९९२ र श्रम संस्कृति पार्टीले पाँच हजार ३०५ मत प्राप्त गरेको छ । **सुदूरपश्चिम** सुदूरपश्चिममा रास्वपाले तीन लाख १७ हजार ८३६, कांग्रेसले एक लाख ८२ हजार ८४२, एमालेले एक लाख ४७ हजार ९०९ मत प्राप्त गरेको छ ।

# निर्वाचनको सम्पूर्ण कार्यहरु चैत्रको पहिलो सातािभत्र सम्पन्न हुने

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, २६ फागुन**




प्रवक्ता भट्टराईले मतगणना सम्पन्न भइसकेपछि खसेको सदर मतको प्रतिशतका आधारमा सम्बन्धित दलले प्राप्त गरेको मतको प्रतिशतका आधारमा समानुपातिक बन्द सूचीबाट छनोट हुने उम्मेदवारको नामावली सम्बन्धीत दलहरुसंग माग गरिने जानकारी दिनुभयो ।

त्यसपछि दलहरुबाट प्राप्त भएका नामलाई क्लस्टर अनुसार रुजु गर्दै निर्वाचित हुने सदस्यहरुको छनोट गर्ने र आयोगमा प्रमाणपत्र दिइने उहाले बताउनुभयो । उहाले अभ्यासलाई निरन्तरता यसपटकपछि समानुपातिक तर्फको निर्वाचन कार्यक्रम अघि बढाइएको धारणा राख्नुभयो । प्रत्यक्षतर्फ निर्वाचित भएकाहरुलाई निर्वाचन अधिकृतको कार्यालयबाट प्रमाणपत्र प्रदान गरिएको आयोगले जनाएको छ ।

निर्वाचनमा प्रत्यक्ष र समानुपातिक दुवतर्फ रास्वपाको अग्रता रहेको छ ।

# रौतहटका चार वटा निर्वाचन क्षेत्रका १२८ जना उम्मेदवारको धरौटी जफत

**जलेश्वरटुडे समाचारदाता**
**रौतहट, २६ फागुन**




प्रतिनिधि सभा सदस्य निर्वाचन अन्तर्गत रौतहटका चार वटा निर्वाचन क्षेत्रका १२८ जना उम्मेदवारको धरौटी जफत भएको छ । कुल सदर मतको १० प्रतिशतसम्म मत प्राप्त गर्न नसकेपछि उहाँहरूको धरौटी जफत भएको जिल्ला निर्वाचन कार्यालय रौतहटले जनाएको छ ।

धरौटी जफत हुनेमा नेपाली कांग्रेश,नेपाल कम्युनिस्ट पार्टी (एमाले) ,नेपाली कम्युनिस्ट पार्टी ( नेकपा),आम जनता पार्टि लगायतका दल र स्वतन्त्र उम्मेदवार रहेका छन् । रौतहट जिल्लाका चार वटै प्रतिनिधि सभा निर्वाचन क्षेत्रमा कुल १४२ जना उम्मेदवारले मनोयन दर्ता गराएका थिए। ती मध्ये १४ जना उम्मेदवारले मात्र धरौटि जोगाउन सफल भएका छन् । निर्वाचन क्षेत्र नं. १ मा ३९ जना उम्मेदवार मध्ये ३४ जनाको धरौटि जफत भएको जिल्ला निर्वाचन कार्यालय रौतहटका प्रमुख छोटेलाल दाशले जानकारी दिनुभयो ।

त्यसैगरी निर्वाचन क्षेत्र नं. २ मा २६ उम्मेदवार मध्ये नेकपा एमाले र जनता समाजवादी पार्टी नेपालका उम्मेदवारसहित २३ जनाको धरौटि जफत भएको उहाँले बताउनुभयो । निर्वाचन क्षेत्र नं. ३ मा ४० उम्मेदवार मध्ये नेपाली काँग्रेस, नेकपा एमाले र नेपाली कम्युनिष्ट पार्टीसहित ३७ जनाको धरौटि जफत भएको छ । यस्तै निर्वाचन क्षेत्र नं. ४ मा ३७ उम्मेदवार मध्ये नेकपा एमाले, जनता समाजवादी पार्टी नेपाल र आम जनता पार्टि सहित ३४ जनाको धरौटि जफत भएको जिल्ला निर्वाचन कार्यालय रौतहटका प्रमुख दाशले जानकारी दिनुभयो। रौतहटमा १२८ जना उम्मेदवारको धरौटी जफत हुँदा कुल १२ लाख ८० हजार रुपैयाँ राजस्व संकलन भएको उहाँले बताउनुभयो । प्रतिनिधि सभा सदस्य निर्वाचनमा विजयी उम्मेदवार सहित धरौटी जोगाउन सफल भएका १४ जना उम्मेदवारले प्रक्रिया पुर्याएर माग गरेमा धरौटी रकम फिर्ता गरिने उहाँले भन्नुभयो ।






# पेट्रोल पम्पमा सवारीसाधनको अस्वाभाविक भिड

**जलेश्वरटुडे समाचारदाता**
**बारा, २६ फागुन**

तेल उत्पादक देशमा देखिएको युद्धसम्बन्धी समाचार र सामाजिक सञ्जालमा फैलिएको अफवाहका कारण बारा, पर्सा र आसपासका जिल्लाका पेट्रोल पम्पमा सवारीसाधनको अस्वाभाविक भिड देखिएको छ। पेट्रोलियम पदार्थ तथा खाना पकाउने ग्यास अभाव हुन सक्ने हल्ला फैलिएपछि उपभोक्ताले सवारीसाधनमा 'फुल ट्याङ्की' इन्धन भर्ने होडबाजी चलेको हो ।



विशेष गरी मोटरसाइकल चालकहरू पेट्रोल पम्पमा लामबद्ध भएर तेल भर्ने दृश्य सर्वत्र देखिन थालेको छ । सामाजिक सञ्जाल र मोबाइल सन्देशमार्फत इरान, इराक, इजरायल र अमेरिकाबिचको द्वन्द्वका कारण नेपालमा इन्धन आपूर्ति प्रभावित हुन सक्ने हल्ला फैलाइएको छ । विदेशमा युद्ध भइरहेको समाचारपछि इन्धन अभाव हुने डरले मोटरसाइकलमा तेल भर्न आएको परवानीपुर गाउँपालिका-४ का ब्रमेश पटेलले बताउनुभयो । "मोबाइलमा तेल अभाव हुन सक्छ भन्ने सन्देश फैलिएकाले समयमै जोहो गर्न आएको हुँ," उहाँले भन्नुभयो। नेपाल आयल निगम लिमिटेड, प्रादेशिक कार्यालय वीरगन्जले भने पेट्रोलियम पदार्थको आपूर्तिमा कुनै समस्या नरहेको स्पष्ट पारेको छ। कार्यालयका प्रमुख इन्जिनियर मोहनकुमार साहका अनुसार नेपालमा पेट्रोल, डिजेल तथा ग्यासको आपूर्ति नियमित भइरहेको छ र अभाव हुने कुनै सङ्केत छैन ।

उहाँका अनुसार बारा, पर्सा र रौतहट जिल्लामा रहेका १११ वटा पेट्रोल पम्पमार्फत दैनिक करिब ८० देखो ९० किलोलिटर पेट्रोल र १८० देखि २०० किलोलिटर डिजेल बिक्री हुँदै आएको छ। तर, पछिल्ला तीन-चार दिनयता सामान्य अवस्थाको तुलनामा इन्धनको बिक्री करिब दोब्बरले बढेको उहाँले जानकारी दिनुभयो ।




## नयाँ बन्ने सरकारको ध्यानाकर्षण

केहि दिनमा बन्ने रास्वपा सरकारले देहायका कुराहरुमा ध्यानाकृष्ट गरेमा विश्वास गरेर मतदान गरेका मतदाताहरुलाई पक्कै पनि सन्तुष्टि मिल्नुका साथै देशमा नयाँ परिवर्तन देखिने छ । शिक्षा र सीप विकासमा लगानी बढाउनु पर्नेछ ताकि युवा देशमै अवसर खोज्न सकून् । पर्यटन, ऊर्जा र पूर्वाधार क्षेत्रमा तीव्र गति आवश्यक रहेका छन । यिनै क्षेत्रले रोजगारी सिर्जना गर्न सक्छ, छिमेकीहरूसँग सन्तुलित सम्बन्ध पनि उत्तिकै महत्पूर्ण हुनेछ, प्रविधिको प्रयोग अर्को महत्पूर्ण क्षेत्र हो । कर संकलनदेखि सार्वजनिक सेवासम्म डिजिटल प्रणाली विस्तार गर्न सकियो भने पारदर्शिता बढ्छ र भ्रष्टाचार घटाउन मद्दत हुन्छ। सरकारी प्रक्रिया सरल बनाउँदा नागरिकले राज्यप्रति भरोसा गर्न थाल्छ । ग्रामीण क्षेत्र र विविध जातीय समुदायको अपेक्षालाई पनि बेवास्ता गर्न मिल्दैन । निजी क्षेत्रलाई प्रोत्साहन, प्राकृतिक स्रोतको दिगो उपयोग र साना उद्योगलाई समर्थनले स्थानीय रोजगारी सिर्जना गर्न सक्छ । यदि आरएसपीले मध्यमार्गी र व्यावहारिक नीति कायम राख्न सके भने दीर्घकालीन स्थिरताको सम्भावना रहेको देखिन्छ । तर चुनौतीहरू साना छैन । नयाँ पार्टीसँग राष्ट्रिय स्तरको प्रशासनिक अनुभव सीमित हुन्छ, अर्थतन्त्र दबाबमा छ, यदि गठबन्धन आवश्यक भयो भने राजनीतिक समन्वय जटिल बन्न सक्ने देखिन्छ, बाह्य शक्ति र क्षेत्रीय हितहरू पनि सावधानीपूर्वक सम्हाल्नुपर्ने देखिन्छ । यद्यपि, यस निर्वाचनले एउटा स्पष्ट सन्देश दिएका छन की नेपाली मतदाताले अव नयाँ सरकारबाट आमूल परिवर्तन चाहेको छ ।

## माछा मार्न गएका दासको पोखरीमा डुबेर मृत्यु



**जलेश्वरटुडे समाचारदाता**
**सप्तरी, २६ फागुन**

माछा मार्न गएका एक युवकको मङ्गलवार पोखरीमा डुबेर मृत्यु भएको छ । राजविराज नगरपालिका वडा नम्बर ३ मा रहेको कल्टु दास पोखरीमा डुबेर सोही नगरपालिका वडा नम्बर ४ निवासी २५ वर्षीय 'बौवा' भनिने गजेन्द्र दासको मृत्यु भएको हो ।

मङ्गलवार बिहान ७ बजे माछा मार्न पोखरीमा पस्नुभएका दासको डुबेर मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी नायब उपरीक्षक डम्बरबहादुर पुरीले जानकारी दिनुभयो। स्थानीय सन्तोष थापाका अनुसार दुई पटक माछा मारेर बाहिर निस्कनुभएका दास तेस्रो पटक पुनः पोखरीमा पस्दा डुब्नुभएको थियो। पोखरीमा युवक डुबेको खबर पाएलगत्तै पुगेको नेपाली सेनाको बरख गण, सशस्त्र प्रहरी र नेपाल प्रहरीको गोताखोर टोलीले करिब चार घण्टाको प्रयासपछि शव बाहिर निकालेको थियो । राजविराजस्थित बरख गणका गणपति प्रमुख सेनानी सोभितबहादुर चन्दले सुरक्षाकर्मीको टोलीले मृत अवस्थामा शव फेला पारेको बताउनुभयो । मृतकको शव परीक्षणका लागि गजेन्द्रनारायण सिंह अस्पताल पठाइएको र घटनाबारे थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।


## डेंगु ज्वरोको संक्रमणबाट बच्ने उपायहरु



डेंगुबाट बच्नका लागि मुख्यतया लामखुट्टेको टोकाईबाट बच्नुपर्दछ ।
यसका लागि लामखुट्टेको नियन्त्रण नै उत्तम उपाय हो ।
लामखुट्टे नियन्त्रण गर्न निम्न उपायहरु अपनाऔं

### डेंगी रोग बाट कसरी बच्ने ?

- ☑ पुरा बाहुला भएको लुगा लगाउने
- ☑ झुल भित्र मात्र सुत्ने
- ☑ घरको झ्याल ढोकामा लामखुट्टे नछिर्ने जाली हाल्ने
- ☑ घर, कार्यालय, विद्यालय वा सार्वजनिक क्षेत्रमा पानी जम्न नदिने
- ☑ खाल्डाखुल्डी पुर्ने र खानेपानी वा ढल चुहिएको छ भने तत्काल मर्मत गर्ने
- ☑ घर वरिपरी पानी जम्ने ठाउँ जस्तै पोखरी, पानीको नाली,ढलमा हप्ताको २ दिन डढेको मोबिल वा मट्टितेल छर्कने गमलाको प्लेट, फूल दानी, कुलर आदिको पानी कम्तीमा हप्ताको एक पटक फेर्ने
- ☑ पानी जम्मा गर्ने भाँडालाई लामखुट्टे छिर्न नसक्ने गरी छोप्ने
- ☑ साझ र विहान करेशाबारीमा जाँदा, घर बाहिर टहलिंदा, वा पार्कमा जाँदा, बालबालिकालाई लैजाँदा लामखुट्टेले नटोकोस् भनेर विशेष सावधानी अपनाउने

अनुरोधकर्ता
सम्सी गाउँपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश


## तपाईको टुडे

मेषः अनावश्यक खर्चको संभावना
वृषः पिछडेको साथी मिल्ने
मिथूनः अनावश्यक चिन्ता
कर्कटः मित्रतामा फाटो आउने
सिंहः पढाईमा ध्यान दिनुपर्ने
कन्याः अशुभ समाचार प्राप्त हुने
तुलाः मनमा पछुतो आउने
वृश्चिकः शुभ कार्यको शुरुवात
धनुः खानपानमा समस्या आउने
मकरः विचार गरेर बोल्नुहोला
कूम्भः लामो यात्राको योग छ
मीनः आम्दानी हुने

## मधेश प्रदेशको गौरव



**श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।**



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

**श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा**

## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७**

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| **जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर** | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा




बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : निःशुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०७:३० बजे

# दक्षिण कोरिया-अमेरिकी संयुक्त सैन्य अभ्यासप्रति किम जोङकी बहिनीको यस्तो चेतावनी

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, २६ फागुन**



उत्तर कोरियाली नेता किम जोङ उनकी बहिनी एवं सत्तारूढ वर्कर्स पार्टीकी प्रभावशाली नेतृ किम यो जोङले दक्षिण कोरिया र संयुक्त राज्य अमेरिकाले सुरु गरेको संयुक्त सैन्य अभ्यासप्रति गम्भीर आपत्ति जनाएकी छन् । मंगलबार एक विशेष वक्तव्य जारी गर्दै उनले यस अभ्यासले 'अकल्पनीय रूपमा भयानक परिणाम' निम्त्याउन सक्ने चेतावनी दिएकी हुन् ।

सियोल र वासिङ्टनले सोमबारदेखि सुरु गरेको वार्षिक वसन्तकालीन सैन्य अभ्यास 'फ्रिडम सिल्ड' लाई उनले 'गम्भीर उक्साहट' को संज्ञा दिएकी छन् । यो अभ्यास मार्च १९ सम्म सञ्चालन हुनेछ, जसमा दक्षिण कोरियाका मात्रै १८ हजार सैनिक सहभागी छन् । उत्तर कोरियाले यस्ता अभ्यासलाई आफ्नो देशमाथि आक्रमण गर्ने तयारीका रूपमा लिँदै आएको छ । हालै पार्टीको सामान्य मामिला विभागको प्रमुखमा पदोन्नति भएकी किम यो जोङले वर्तमान विश्व सुरक्षा संरचना कमजोर भइरहेको समयमा यस्ता 'लापरवाह कार्य' ले क्षेत्रीय अस्थिरता झन् बढाउने उल्लेख गरिन् । उनले यसलाई 'अन्तर्राष्ट्रिय बदमाशहरूको कार्य' को रूपमा टिप्पणी गरेकी छन् ।

यसैबीच, प्योङयाङले इरानमाथि अमेरिका र इजरायलले गरिरहेको सैन्य कारबाहीलाई 'अवैध र दुष्ट प्रकृति' भन्दै कडा निन्दा गरेको छ । उत्तर कोरिया र अमेरिकाबीच दशकौँदेखि सैन्य शत्रुता रहे पनि पछिल्ला महिनाहरूमा वासिङ्टनले वार्ताका लागि पहल गरिरहेको बुझिएको छ ।

विशेषगरी, यसै वर्ष अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र किम जोङ उनबीच पुनः शिखर सम्मेलन हुन सक्ने विश्लेषणहरू भइरहेका छन् । किम जोङ उनले पनि यदि वासिङ्टनले उत्तर कोरियाको आणविक हैसियतलाई स्वीकार गरेमा दुई देश 'सँगै बस्न सक्ने' संकेत गत महिना नै दिइसकेका छन् ।

# कस्तो छ सलमानका पिता सलिमको स्वास्थ्य अवस्था ?

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, २६ फागुन**



अभिनेता सलमान खानका पिता सलिम खानको स्वास्थ्यमा सुधार आएको छ । मुम्बईको लीलावती अस्पतालमा विगत २१ दिनदेखि उपचारत ८८ वर्षीय खान अबको ३ देखि ४ दिनभित्र डिस्चार्ज हुन सक्ने अस्पतालले जनाएको छ ।

बलिउड मिडियाका अनुसार सलिम खान तीव्र गतिमा निको भइरहेका छन् । यदि स्वास्थ्य अवस्था यसरी नै स्थिर रहेमा उनलाई यसै हप्ताको अन्त्यसम्म घर पठाइनेछ । गत १७ फेब्रुअरीमा मस्तिष्क सम्बन्धी समस्या देखिएपछि सलिमलाई बिहान साढे ८ बजे लीलावती अस्पतालको आकस्मिक कक्षमा भर्ना गरिएको थियो । अवस्था गम्भीर भएपछि उनलाई केही समय आइसियु र भेन्टिलेटरमा समेत राखिएको थियो । अस्पतालका डा. जलील पारकरका अनुसार उनको 'डिजिटल सब्स्ट्र्याक्सन एन्जियोग्राफी' गरिएको थियो । यो कुनै ब्रेन सर्जरी नभई मस्तिष्कका नसाहरूमा रहेको ब्लकेज र अवस्था जाँच गर्ने एक आधुनिक प्रविधि हो । सलिमको जन्म २४ नोभेम्बर १९३५ मा भएको हो । उनले सन् १९६० को दशकमा फिल्म 'बारात'बाट आफ्नो अभिनय यात्रा सुरु गरेका थिए । करिब दुई दर्जन फिल्ममा अभिनय गरेपछि उनले आफ्नो रुचि अभिनयमा भन्दा लेखनमा बढी भएको महसुस गरे । त्यसपछि उनी बलिउडको सफल पटकथा लेखक (स्क्रिप्ट राइटर) बनेर चिनिए ।

# ट्वान्टी-२० विश्वकप विजेता भारतीय टोलीलाई १३१ करोड भारू नगद पुरस्कार

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, २६ फागुन**

भारतीय क्रिकेट नियन्त्रण बोर्ड ( बीसीसीआई) ले ट्वान्टी-२० विश्वकप विजेता भारतीय टोलीलाई १ करोड ४० लाख डलर (१३१ करोड भारु) दिने घोषणा गरेको छ । रुपमा

बाँकी पृष्ठ ४ मा ।

# समानुपातिक मतगणना अन्तिम चरणमा: बुधबारसम्म अन्तिम नतिजा आउने

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, २६ फागुन**




प्रतिनिधि सभा सदस्य निर्वाचन २०८२ अन्तर्गत समानुपातिक तर्फको मतगणना अन्तिम चरणमा पुगेको निर्वाचन आयोगले जनाएको छ। आयोगका अनुसार कुनै प्राविधिक अवरोध वा विवाद नभएमा बुधबार दिउँसोसम्म समानुपातिकतर्फको पूर्ण नतिजा सार्वजनिक हुनेछ ।

आयोगका सहायक प्रवक्ता कुलबहादुर जि.सी.ले मंगलबार सञ्चारमाध्यमसँग कुरा गर्दै अब ३ देखि ४ वटा निर्वाचन क्षेत्रको मात्र मतगणना बाँकी रहेको जानकारी दिए । मतगणनाको वर्तमान गति कायम रहेमा आज मध्यरात वा बुधबार बिहानसम्म गणना सकिने र भोलि दिउँसोसम्म अन्तिम परिणाम घोषणा गरिने आयोगको प्रक्षेपण छ । यद्यपि, मत सदर वा बदरको विषयमा उम्मेदवारका प्रतिनिधिहरूबीच विवाद देखिएमा नतिजा आउन केही समय थपिन सक्ने जि.सी.ले बताए ।



अनुरोधकर्ता
महोत्तरी गाउंपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश

## सम्सी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
सम्सी,महोत्तरी
मधेस प्रदेश,नेपाल

## करार सेवामा लिने सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित सूचना : २०८२।११।२७

यस सम्सी गाउँ कार्यपालिकाको कार्यालयको मिति २०८२।११।२६ गतेको निर्णयानुसार तपसिलका पदको करार पदपूर्ति गर्नु पर्ने भएको हुँदा ईच्छुक नेपाली नागरिकहरुलाई देहाय बमोजिमको शर्तहरुको अधिनमा रही यो सूचना प्रकाशित भएको मितिले १५ दिन ( मिति २०८२।१२।११ गते ) भित्र आवेदन पेश गर्न आह्वान गरिएको छ ।

**तपसिल :**

| सि.नं. | विज्ञापन नं. | पद | तह | माग संख्या | दरखास्त दस्तुर | परीक्षाको किसिम | योग्यता र अनुभव | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | १।०८२।८३ | ईन्जिनियर | सातौं | १ | १२००।– | लिखित र अन्तरवार्ता | सिभिल ईन्जिनियरिङ्मा स्नातक तह उतिर्ण । | |

१. आवेदन गर्ने स्थान : सम्सी गा.पा.को कार्यालय
२. उमेर – २१ वर्ष पूरा भई ३५ वर्ष ननाघेको ।
३. दरखास्त फारम पाइने स्थान : सम्सी गा.पा.को कार्यालय वा वेबसाइट – https://samsimun.gov.np/ बाट डाउनलोड गर्न सकिने छ ।
४. दस्तुर बुझाउने स्थान – यस सम्सी गा.पा.कार्यालयको एन.आई.सि.एसिया बैंकमा रहेको आन्तरिक राजस्व खाता नं.– १४१२०५००२९०५६००२
५. आवेदन साथ संलग्न गर्नु पर्ने कागजातहरु – उम्मेदवारको व्यक्तिगत विवरण,नागरिकताको प्रतिलिपि,न्यूनतम योग्यताको लब्धांक पत्र,चारित्रिक प्रमाणपत्रको प्रतिलिपि,सम्बन्धित काउन्सिलको प्रमाणपत्रको प्रतिलिपि,३ प्रति पासपोर्ट साइजको फोटो,अनुभवको प्रमाणपत्रको प्रतिलिपि र राजस्व तिरेको सक्कल भौचर ।
६. तलब, भत्ता तथा अन्य सुविधा : करार सम्झौता बमोजिम ।
७. अन्य प्रचलित कानुनद्वारा अयोग्य नभएको ।

**प्रमुख प्रशासकीय अधिकृत**

# अवसर र अग्निपरीक्षाको बाटोमा बालेन

-चुनावको परिणामले नेपालमा लोकतन्त्रको जरो गाडिइसकेको छ भन्ने विश्वास अझ बलियो गरी स्थापित भएको छ। तर लोकतन्त्रलाई नेपालमा अवतरण गराउने कांग्रेस-कम्युनिस्ट दलहरू पराजित भएका छन्। किनभने २०४६ मा लोकतन्त्र पुनर्बहाली भएदेखि नै दलगत राजनीतिमा हुने अनेकन दुर्गुणहरू यिनीहरूले भित्र्याए।

दम्भी भए। मिडिया, बौद्धिक जमात, नागरिक अनि जनताका आवाज सुनेनन्। जनता विकल्पको खोजीमा थिए र तिनले काठमाडौंका मेयर बालेन्द्र शाह र त्यससँगै राष्ट्रिय स्वतन्त्र पार्टीमा त्यो विकल्प देखे र तिनलाई भारी बहुमतले विजय गराए। निस्सासिँदै गएका देश-विदेशमा बस्ने हामी नेपालीका लागि सास फेर्न अलि सजिलो भएको छ र सँगै नेपाली भविष्यप्रति एउटा झिनो आशा पलाएको छ। नेपाली मतदाताले यस चुनावमा प्रस्ट पारेका छन्– बालेन नेतृत्वको रास्वपा सरकारले भ्रष्टाचारको जरो उखेलेर नेपाली जनतालाई सुशासन दिन सक्छ। यसले संविधानमा निहित गणतन्त्र, संघीयता, समावेशिता र धर्म तथा राज्यसत्ताबीचको दूरीलाई अझ बलियो बनाउन सक्छ। यस दल र तिनका नेतामा वैश्विक भूराजनीतिको, छरछिमेकको भूराजनीतिको कूटनीतिक समझ र पकड छ। यस दल र तिनका नेतामा नेपाललाई अगाडि लैजाने भिजन पनि छ, क्षमता र इमानदारिता पनि। र, व्यक्तित्वको गहनता र गहिराइ पनि।

जतिसुकै खारिएका दल र तिनका माझिएका नेताका लागि यी गम्भीर उत्तरदायित्व हुन्। तर रास्वपा जस्तो लोकतन्त्र ल्याउने विरासत नबोकेको दल र तिनका युवावयका अनुभव न्यून नेताको काँधमा यो भारी जिम्मेवारी पर्न गएको छ। के तिनले यी सबै जिम्मेवारी सफलताका साथ धान्न सक्छन्? यो प्रश्न यतिबेला अहम् बनेको छ। नेपाली मतदाताले भनिसके- अबको नेपाल कम्युनिस्ट र कांग्रेसले धान्न सक्दैनन्। केपी ओलीलाई एमाले महाधिवेशन प्रतिनिधिले पुनः अध्यक्ष बनाएर परिवर्तन पक्षधर उषाकिरण तिम्सिना, बिन्दा पाण्डे जस्ता परिवर्तनकामी नेतालाई पाखा पारे। त्यसो गरिनु केपी ओलीका समुदाय, समुदायबीच विष फैलाउने अभिव्यक्ति र नेपाली राजनीतिलाई दूषित पार्ने अनेकन हर्कतलाई प्रोत्साहित गर्नु थियो।

तर नेपाली जनताले मताधिकारबाट एमालेलाई दण्डित गरेका छन्। यो भीमकाय पराजय एमालेका लागि भविष्यमा सुध्रिने पाठ र अवसर हुन सक्छ। एमालेका नेता-कार्यकर्ताले यस जबर्जस्त हारलाई कुन रूपमा लिन्छन् र भविष्यमा कसरी सुध्रिन्छन्, यसैमा सो पार्टीको भविष्य कस्तो हुन्छ भन्ने निर्भर गर्छ। तर जे भए पनि पञ्चायत र निरंकुश राजतन्त्र फालेर लोकतन्त्र ल्याउन जेल, नेल, भूमिगत जीवन, निर्वासन भोगेका पहिलो पुस्ताका नेता आदरणीय हुन्। दसवर्षे जनयुद्धबाट नयाँ संविधान ल्याई नेपाललाई गणतन्त्र र समावेशिताको बाटोमा ल्याउने नेताप्रति लोकतन्त्रवादीहरू आभारी हुनैपर्छ। तर तिनीहरूले पटक-पटक सत्तामा पुग्ने तिकडम र पुगिसकेपछि आफ्नो असफलता देखाएकाले नेपाली मतदाताले तिनीहरूलाई विश्राम दिएका छन्। व्यक्तिगत रूपमा चुनाव जिते पनि वा हारे पनि तिनीहरूले अब लोकतान्त्रिक उपलब्धिहरूलाई जोगाउन अभिभावकीय भूमिका खेल्नुबाहेक अरू कुनै विकल्प छैन।

संघीयता ल्याउनका लागि मधेशीवादी दल र तिनका नेताको अतुलनीय योगदान भए पनि प्रशासन चलाउँदा उनीहरू पनि कांग्रेस र एमालेकै बाटोमा लागे। सत्ताका लागि सौदाबाजी, परिवारवाद, तँछाडमछाड, फुटजुट, गाउँस्तरसम्म भ्रष्टाचार यिनीहरूको पनि संस्कार बन्यो। चुनावको मुखमा सुध्रिने जतिसुकै नारा दिए पनि, वाचा गरे पनि त्यो पत्यारलाग्दो भएन र मधेशी मतदाताले तिनलाई पत्याएनन्।

वास्तवमा यस चुनावमा नेपालीले छान्नुपर्ने दल दुईमध्ये एक थियो– गगन-विश्वप्रकाश नेतृत्वको सुधारिएको कांग्रेस र बालेन-रवि नेतृत्वको रास्वपा। तर यो छनोट जति बाहिरी भीड वा पुरातन दलप्रतिको वितृष्णाले सजिलो देखिन्थ्यो, केलाउँदा त्यति नै जटिल। प्रधानमन्त्रीकै उम्मेदवारका रूपमा नेपालमा गगन थापाको हाराहारीमा कोही पनि अनुभवी नेता देखिँदैन थियो। यिनले विद्यार्थीकालदेखि नै अग्रगामी सोच राख्दै आएका थिए। त्यही अनुरूप गणतन्त्रका लागि संघर्ष गरेका थिए। कांग्रेसभित्र परिवर्तनका लागि निरन्तर सक्रिय थिए। नेपालको सबैभन्दा पुरानो दलमा दशकौंदेखि आबद्ध भएकाले उनलाई दलभित्र र राज्यका विभिन्न अंगमा व्याप्त बेथितिबारे थाहा थियो। सापेक्षिक हिसाबले युवामै दरिने र व्यक्तित्वका हिसाबले पनि नयाँ विषय आत्मसात् गर्ने रुझान र सामर्थ्य उनमा थियो।

यो विषय विशेष महाधिवेशन पछिका उनका वक्तव्यहरूले पनि प्रस्ट पारेको थियो। त्यसैले उनमा केही नयाँ गर्ने हुटहुटी पनि थियो भन्ने भान हुन्थ्यो। विश्वप्रकाश शर्माका साथ र वर्षौंको सहकार्यले गर्दा यिनमा निर्णय गर्दा परामर्श गर्ने बानीसँगै नयाँ कुरा गर्न सक्ने, विगतका गल्तीबाट सिक्ने, सीमान्तकृतका लागि ठोस कदम चाल्ने आँट पनि थियो। कांग्रेसभित्र निरन्तर संघर्ष गर्दै महाधिवेशन गराउन सफल नहुँदा यिनले विशेष महाधिवेशन भए पनि गराएर कांग्रसलाई नयाँ बाटोमा ल्याएका थिए।

**सांभार : कान्तिपुर।**



## ट्वान्टी-२० विश्वकप विजेता भारतीय

प्रतियोगिताको दाबेदार भारतले आइतबार न्युजिल्यान्डलाई अहमदाबादमा भएको फाइनलमा ९६ रनले पराजित गरेको थियो।

सोक्रममा उपाधि रक्षा गर्ने भारत पहिलो टोली बनेको थियो। दुई वर्षअघि वेस्ट इन्डिजमा भएको फाइनलमा भारतले दक्षिण अफ्रिकालाई पराजित गरेको थियो। साथै भारत ट्वान्टी-२० विश्वकप ३ पटक जित्ने पहिलो राष्ट्र पनि बनेको थियो। ट्वान्टी-२० विश्वकपको १० संस्करणमा पहिलो पटक घरेलु टोली विजेता बनेको हो। विश्वको सबैभन्दा बढी जनसंख्या भएको देश भारतमा क्रिकेट लोकप्रिय खेल हो भने शीर्ष क्रिकेट खेलाडीहरूले उच्च प्राथमिकता पाउँछन्। भारतीय समाज र संस्कृतिमा क्रिकेट जरासम्मै गढेको छ र क्रिकेटलाई एकताको प्रतीकका



## बिमालेख हरायो

घरबाट बाहिर जाने क्रममा तपसिल बमोजिमको बिमालेख हराएको हुँदा लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेड को कुनै पनि शाखा कार्यालयमा बुझाई दिनुहुन अनुरोध गरिन्छ ।

**तपसिल**

नाम : उपेन्द्र राउत

बिमालेख नम्बर : १७००४६०७२

ठेगाना : लक्ष्मीनियाँ गाउँपालिका-७ भगवतीपुर, धनुषा




अनुरोधकर्ता
जनकपुरधाम उपमहानगरपालिकाको कार्यालय
धनुषा, मधेश प्रदेश




अनुरोधकर्ता
भंगहा नगरपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश

प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : जय दुर्गा अफसेट प्रेस, जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday